जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

वर्ष १३ • अंक ३२७ • २०८३ भदौ ३० गते मंगलवार • 15 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# हरितालिका तिज देशभर श्रद्धा, भक्ति र उत्साहका साथ मनाईयो



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ भदौ**

हिन्दू नेपाली महिलाहरूको महान् धार्मिक तथा सांस्कृतिक पर्व हरितालिका तीज देशभर श्रद्धा, भक्ति र उत्साहका साथ मनाइँएका छन ।

भाद्र शुक्ल तृतीयाका दिन मनाइने यस पर्वमा महिलाहरूले निराहार व्रत बसी भगवान् शिव र पार्वतीको पूजा-आराधना गर्ने, नाचगान गर्ने तथा दिदीबहिनीहरूबीच सुख-दुःख साटासाट गर्ने परम्परा रहिआएको छ । यस अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह (बालेन), सभामुख डोलप्रसाद अर्याललगायत विभिन्न राजनीतिक दलका नेताहरूले देश-विदेशमा रहेका सम्पूर्ण नेपाली महिलाहरूमा शुभकामना व्यक्त गरेका छन् । भाद्र शुक्ल प्रतिपदाका दिन चेलीबेटीलाई माइतीमा बोलाएर दर खुवाउने र द्वितीयामा दर खाने क्रमसँगै सुरु भएको यो पर्व तृतीयाका दिन मुख्य व्रत बसेर मनाइन्छ ।

धार्मिक मान्यताअनुसार हिमालयपुत्री पार्वतीले भगवान् शिवलाई पतिको रूपमा पाउनका लागि कठोर तपस्या र व्रत गरेकै स्मरणमा तीज पर्वको सुरुआत भएको मानिन्छ । यसै विश्वासका आधारमा आज अविवाहित महिलाहरूले सुयोग्य वरको कामना गर्दै र विवाहित महिलाहरूले पारिवारिक सुख, समृद्धि तथा पतिको दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्छन् । गणेश चौथी र मङ्लबार अरुन्धती सहित सप्तऋषिको पूजा गरेपछि तीज पर्वको औपचारिक समापन हुनेछ ।

तीजको मुख्य दिन आज पशुपतिनाथ मन्दिरसहित देशभरका शिव मन्दिरहरूमा व्रतालु महिलाहरूको उल्लेख्य उपस्थिति छ । रातो सारी, चुरा, पोते र विभिन्न आभूषणमा सजिएका महिलाहरू बिहानैदेखि शिवलिंगमा जल तथा पूजा सामग्री अर्पण गर्दै शिवजीको आराधनामा लीन भएका छन् । भक्तजनको सहजताका लागि पशुपतिनाथका चारै ढोका बिहान ३ बजेदेखि नै खोलिएको छ भने परिसरभित्र आठ र बाहिर पाँचवटा लाइनको व्यवस्था मिलाइएको छ। पशुपति क्षेत्र विकास कोषले महिला सुरक्षाकर्मीको परिचालन बढाउनुका साथै भण्डारखाल, सिफल, वनकाली, तिलगंगा र उमाकुण्डमा पार्किङको प्रबन्ध मिलाएको छ । धार्मिक आस्थाका अतिरिक्त तीज पर्व पारिवारिक आत्मीयता, दिदीबहिनीको मिलन र सामाजिक अभिव्यक्तिको बलियो माध्यमसमेत बनेको छ ।

# चौरचन पर्व हर्षोल्लासका साथ मनाइँयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २९ भदौ**

मथिला क्षेत्रको लोकसंस्कृति, भ्रातृत्व र प्रकृति पूजनको अद्वितीय प्रतीक मानिने चौठ चन्द्र (चौरचन) पर्व महोत्तरी सहित मधेस प्रदेश तथा मिथिलाञ्चल क्षेत्रमा हर्षोल्लासका साथ मनाइँएको छ । भाद्र शुक्ल चतुर्थीका दिन मनाइने यो पर्वमा चन्द्रमालाई अर्घ्य दिएर पूजा गर्ने परम्परा छ ।

चौरचन पर्व मुख्यगरी घरका महिलाहरूले निराहार व्रत बसेर मनाउँछन्। दिनभरि व्रतालुहरू शुद्धताका साथ घरमा दही, खिर, पुरी, ठेकुवा, भुजिया, र विविध मिठाईहरू तयार पार्छन् । माटाका नयाँ भाँडाहरू (मटका)मा जमाइएको मिठो दही यस पर्वको मुख्य आकर्षण हो । साँझपख घरको आँगन वा छतमा गोबर र रातो माटोले लिपेर चामलको पिठो



(पिठार)ले आकर्षक अरिपन् ( रेखाचित्ररङ्गोली) बनाइन्छ । साँझ चन्द्रमा उदाएपछि अरिपनमा फलफूल (केरा, स्याउ, काँक्रो, नीम्बू आदि) र पकवानहरू राखिन्छ । व्रतालुहरूले हातमा फलफूल र पकवान लिएर अञ्जुलीबाट चन्द्रमालाई अर्घ्य (अर्घ) अर्पण गर्छन्। चन्द्रमालाई अर्घ्य अर्पण गरिसकेपछि मात्र व्रतालु र परिवारका सदस्यहरूले पूजा गरिएको प्रसाद ग्रहण गर्छन् । गणेश चतुर्थीकै दिन परे पनि मिथिलाञ्चलमा गणेश पूजाभन्दा चन्द्रमाको प्रत्यक्ष पूजालाई विशेष प्राथमिकता दिइन्छ ।

यस पर्वले प्रकृति र मानवबीचको गहिरो सम्बन्धलाई उजागर गर्छ। आज साँझ मिथिलाका गाउँ-घर र सहरका छतहरू चन्द्रमाको अर्घ्य र पारम्परिक लोकगीतहरूले गुञ्जायमान हुन्छ । लोकविश्वासअनुसार भदौ शुक्ल चतुर्थीको दिन देखिने चन्द्रमालाई 'कलंकित चन्द्रमा' मानिन्छ ।

# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का नवनियुक्त झा र मिश्रको पदभार ग्रहण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ भदौ**



बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का नवनियुक्त अध्यक्ष कौशल किशोर झा र सदस्य अजित मिश्रले पदभार ग्रहण गरेका छन् । सरकारले परिषद्को अध्यक्षमा झा र सदस्यमा मिश्रलाई नियुक्त गरेपछि दुवैले आज परिषद् कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् ।

पदभार ग्रहण गर्दै अध्यक्ष झाले बृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वलाई अन्तर्राष्ट्रियस्तरमा थप उजागर गर्दै विकासका गतिविधिलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले जनकपुरधामको ऐतिहासिक तथा धार्मिक पहिचान संरक्षणसँगै क्षेत्रको सौन्दर्यीकरण, पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर काम गर्ने बताए । अध्यक्ष झाले परिषद्लाई थप सक्रिय र परिणाममुखी बनाउन कर्मचारी, स्थानीय तह, धार्मिक संघसंस्था तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय र सहकार्य आवश्यक रहेको बताए ।

उपलब्ध स्रोत तथा साधनको प्रभावकारी उपयोग गर्दै बृहत्तर जनकपुर क्षेत्रको विकासलाई गति दिने उनको भनाइ छ । जनकपुरधामको धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वस्तरमा स्थापित गर्न परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै झाले स्थानीय समुदायको सहभागितामा विकासका कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । त्यस्तै, नवनियुक्त सदस्य मिश्रले पनि परिषद्को उद्देश्य पूरा गर्न अध्यक्षसहित सम्बन्धित निकाय र सरोकारवालासँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । बृहत्तर जनकपुर क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई उपयोग गर्दै पूर्वाधार विकास, संरक्षण, सौन्दर्यीकरण र पर्यटन प्रवर्द्धन मार्फत क्षेत्रको समग्र विकासमा योगदान पुर्याउने नयाँ नेतृत्वको लक्ष्य रहेको जनाइएको छ ।






# समाजको गतिशीलता बुझ्ने पर्व तिज

तिज व्रतको दिन घरको कामकाजलाई चटक्क छोडेर नेपाली महिला स्वतन्त्र तथा हर्षित भएर घरबाहिर निस्किने चलन रहको देखिन्छ । उनीहरूको गीतमा आफ्ना अधिकार तथा वेदनाका कुरा समेटिएको देखिन्छ । यसले महिलालाई सशक्त बनाउँने देखिन्छ । यी कुरा तिजको सकारात्मक पक्ष रहेका छन । हाल विदेशमा रहेका नेपाली महिलाले पनि यो चाड बडो धूमधामका साथ मनाउने गरेको पाइने गरेका छन । तर, तिज आउनुभन्दा एक महिनाअघिदेखि होटेल र पार्टी प्यालेसमा भेला भई पर्व मनाउने बहानामा महँगा कपडा र गरगहना प्रदर्शन गर्ने चलन पनि यदाकदा देखिँदै आएका छन । यसले तिज पर्वको पौराणिक, धार्मिक र सांस्कृतिक पवित्रतामाथि नै प्रहार गरेको संस्कृतिवद्को तर्क रहेका छन । कतिपयले यस किसिमको शैलीले पुँजीवादले संस्कृतिमाथि अपहरण गरेको भन्दै यस्तो क्रियाकलाप रोकिनुपर्ने राय राख्ने गरेको छ । आधुनिक, शिक्षित र कामकाजी महिलाले तिजलाई नयाँ ढङ्गले व्याख्या गर्न पनि थालेको छ । अचेल धेरै महिला श्रीमान्का लागि मात्र नभई आफ्नो स्वास्थ्य, समानता र स्वतन्त्रताका लागि व्रत बस्ने वा उत्सव मनाउने गर्छ । कतिपय पुरुषले पनि आफ्नी श्रीमतीको साथ दिएर सँगै व्रत बस्ने गरेको पाइन्छ, जसले लैङ्गिक समानताको नयाँ बहस सुरु गरेका छन । तसर्थ तिज नेपाली समाजको गतिशीलता बुझ्ने एउटा महत्वपूर्ण ऐना रहेको देखिन्छ । यसले परम्परा र आधुनिकता, पितृसत्ता र महिला स्वतन्त्रता तथा संस्कृति र बजारवादबिचको द्वन्द्व र समन्वयलाई स्पष्ट रूपमा देखाउने गरेका छन ।

# अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन फिलिपिन्सको राजधानी मनिलामा मुख्यमन्त्री यादवको प्रस्थान

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ भदौ**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद्द यादव जलवायु परिवर्तनबाट प्रदेशमा उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलनका विषयमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन फिलिपिन्सको राजधानी मनिला प्रस्थान गरेका छन् ।

नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादव र कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव थाइ एयरबाट मनिलातर्फ प्रस्थान गरेका हुन् ।




मनिलामा भदौ ३० र ३१ गते अर्थात् सेप्टेम्बर १५ र १६ मा आयोजना हुने Asia Climate Adaptation Investment Planning Forum -CAIP२०२६) मा उनीहरू सहभागी हुनेछन् । भ्रमणबाट नेपाल सरकार तथा प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने जनाइएको छ । सम्मेलनमा मधेश प्रदेशले जलवायु परिवर्तनका कारण भोग्दै आएको बाढी, डुबान, सुख्खा लगायतका जलवायुजन्य जोखिम, त्यसको न्यूनीकरण तथा अनुकूलनका उपायबारे अनुभव आदान प्रदान गरिने बताइएको छ । त्यस्तै, जलवायु अनुकूलनका क्षेत्रमा अन्तर्राष्ट्रिय लगानी र सहकार्यको सम्भावना पहिल्याउँदै मधेश प्रदेशका प्राथमिकता अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने अवसरका रूपमा भ्रमणलाई हेरिएको छ । जलवायु परिवर्तनका कारण बढ्दो जोखिमसँग जुध्न आवश्यक प्रविधि, स्रोत र लगानी भित्र्याउन अन्तर्राष्ट्रिय सहकार्य महत्वपूर्ण हुने प्रदेश सरकारको विश्वास छ । भ्रमणले मधेश प्रदेशलाई जलवायुजन्य विपद्बाट सुरक्षित, दिगो र समृद्ध बनाउने प्रयासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

# जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने अभियानमा तीव्रता

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ भदौ**

धनुषामा लामो समयदेखि जग्गाधनी प्रमाण पुर्जाविहीन अवस्थामा रहेका परिवारलाई पुर्जा वितरण गर्ने अभियानलाई तीव्रता दिइएको छ । नाप नक्सा सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै नापी कार्यालय धनुषाले पुर्जा वितरणलाई प्राथमिकताका साथ अघि बढाएको हो । यसैक्रममा सोमबार हंसपुर नगरपालिका-५, साविक सुगा निकास गाविसका ३ सय ६५ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ । उक्त क्षेत्रको नाप नक्सा भने २०७२ सालमै सम्पन्न भएको नापी कार्यालय धनुषाले जनाएको छ ।

नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारका अनुसार नाप नक्सा सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका स्ववासी तथा गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गर्दै पुर्जा वितरणको काम अघि बढाइएको हो । उनका अनुसार स्ववासी जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण भएपछि वर्षौंदेखि जग्गाको स्वामित्व स्थापित हुन नसकेका परिवारले कानुनी रूपमा आफ्नो जग्गाको मालिक बन्ने आधार पाउनेछन् । यसले सुकुम्बासी समस्या



समाधान गर्नसमेत सहयोग पुग्ने उनको भनाइ छ । प्रमुख उमेश कुमारले पुर्जा प्राप्त भएपछि बैंक तथा वित्तीय संस्थामा जग्गा धितो राखेर ऋण लिन सहज हुने, जग्गाको बिक्री वितरण गर्न सकिने तथा त्यसबाट राज्यले राजस्वसमेत प्राप्त गर्ने बताए । पुर्जा वितरणले भूमिसम्बन्धी विवाद निरुपण गर्न सहज हुनुका साथै राज्यलाई भूमिकर संकलन गर्ने कानुनी आधारसमेत तयार हुने उनको भनाइ छ ।

उनका अनुसार स्ववासीको लगत तयार हुने र गाउँ ब्लक क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा संवर्धनमा समेत सहयोग पुग्नेछ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिासा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: लामो यात्राको योग छ
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: आम्दानी हुने
धनु: मनमा पछुतो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०५:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०७:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# “भारतीय सभ्यतामा प्रकृतिलाई आमाको दर्जा दिइएको छ”: ब्रिक्स शिखर सम्मेलनमा प्रधानमन्त्री मोदी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ भदौ**

नयाँ दिल्लीमा आयोजित १८औं ब्रिक्स शिखर सम्मेलनमा भारतको ब्रिक्स अध्यक्षता अन्तर्गतका प्राथमिकताहरू प्रस्तुत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार प्रकृति र दिगोपनप्रतिको भारतको सभ्यतागत दृष्टिकोणमाथि प्रकाश पारे । उनले भने, “विकास र वातावरण एक-अर्काका विकल्प होइनन्, बरु एक-अर्काका परिपूरक हुन् ।” “लचिलोपन, नवीनता, सहयोग र दिगोपनः समावेशी विश्वव्यापी विकासका लागि भविष्यको निर्माण” विषयक सत्रमा प्रधानमन्त्रीको उद्घाटन मन्तव्यबारे विदेश मन्त्रालयको विज्ञप्ति अनुसार, प्रधानमन्त्री मोदीले भने, “भारतीय सभ्यतामा प्रकृतिलाई आमाको दर्जा दिइएको छ । शताब्दीयौँदेखि हामीले यो विश्वास गर्दै आएका छौँ कि विकास र वातावरण एक-अर्काका विकल्प होइनन्, बरु एक-अर्काका परिपूरक हुन् ।” “ब्रिक्सभित्र पनि हामीले मानव विकास र वातावरणबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकतामा जोड दिएका छौँ,” उनले भने ।

उनले यो “दिगोपनको आधार” र भावी पुस्ताप्रतिको जिम्मेवारी भएको पनि बताए । दिगोपनको स्तम्भ अन्तर्गत भारतका प्रयासहरूलाई उजागर गर्दै प्रधानमन्त्री मोदीले भने, “स्मार्ट ग्रिड र ऊर्जा भण्डारणका लागि हामीले ‘ब्रिक्स डिजिटल सेन्टर अफ एक्सिलेन्स’ स्थापना गरेका छौँ।” उनले यो पहलले स्वच्छ ऊर्जा प्रणालीलाई “अधिक भरपर्दो, कुशल र पहुँचयोग्य” बनाउन मद्दत गर्ने बताए । उनले कृषि-पारिस्थितिकी र पुनरुत्पादक कृषिका लागि स्थापना गरिएका ‘सेन्टर अफ एक्सिलेन्स’ ले “परम्परागत ज्ञानलाई आधुनिक विज्ञानसँग जोड्ने” बताए । साथै, समुदायमा आधारित जलवायु अनुकूलनका लागि विकसित सिद्धान्तहरूले आदिवासी ज्ञानलाई “जलवायु कार्यका लागि महत्त्वपूर्ण आधार” बनाउने उल्लेख गरे । भारतको बृहत् ब्रिक्स एजेन्डा प्रस्तुत गर्दै प्रधानमन्त्रीले भने, “भारतको अध्यक्षतामा हामीले हाम्रा सम्पूर्ण प्रयासहरू चार वटा स्तम्भहरूमा केन्द्रित गरेका छौँः लचिलोपन, नवीनता, सहयोग र दिगोपन ।”

# तीजको अवसर पारेर ‘आ बाट आमा २’को फष्टलुक्स सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ भदौ**

फिल्म ‘आ बाट आमा २’को फष्टलुक्स पोष्टर सार्वजनिक गरिएको छ । हरितालिका तीजको अवसर पारेर सार्वजनिक फिल्मको फष्टलुक्समा नेपाली समाजले भोगिरहेको पारिवारिक विछोड, आमाको पर्खाइ र भत्किँदै गएको सामाजिक परिवेशलाई झल्काउने प्रयास गरिएको छ ।



पोस्टरको एउटा फोटोमा पल र साइग्रेसलाई खुशी मुन्द्रामा देखिन्छन् भने सोही पोस्टरको मुनी रहेको अर्को पोस्टरमा निधारमा रातो टीका र जमरा लगाएर बसेका दुई युवाहरू (पल शाह र साइग्रेस)लाई आमाले अँगालो हालेर रोइरहेकी छन् । फिल्ममा पल शाह, मलिका महत, रिश्ता गुरुङ, निकिता आचार्य, विपना थापा, आकाश श्रेष्ठ, सबिन श्रेष्ठ, प्रदीप रावत, साइग्रेस पोखरेल, गजित विष्ट, नरेन खड्का, दिलिप अखेडालगायतको मुख्य भूमिका छ। अघिल्लो वर्षको सुपरहिट फिल्म ‘आ बाट आमा’को यो सिक्वेलको रुपमा निर्माण भएको फिल्म आगामी असोज ३० गते फूलपातीबाट प्रदर्शनमा आउने तयारीमा छ । आर्या इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको यो फिल्मलाई आर आर फिल्मले नेपालभर वितरणको जिम्मा लिएको छ। फिल्मको निर्देशन चन्द्र पन्तले गरेका हुन् ।

# ठूलो परिमाणमा साल जातको काठ बरामद

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २९ भदौ**

रौतहटमा लालबकैया खोलामा पानीसँगै बगाएर ल्याइएको अवस्थामा ठूलो परिमाणमा साल जातको काठ बरामद भएको छ। डिभिजन वन कार्यालय रौतहटका वन कर्मचारी तथा सुरक्षाकर्मीको संयुक्त टोलीले सोमबार बिहान काठ बरामद गरेको हो । जङ्गलसहिया सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्रअन्तर्गत लालबकैया खोलाको गर्जा पुलनजिक राति करिब २ बजे गस्तीमा रहेको टोलीले खोलामा काठ बगिरहेको देखेपछि नियन्त्रणमा लिएको हो ।

वन अधिकृत अनिलकुमार महतो, विनोद जेठरा र शेरबहादुर बुढासहितको टोलीले खोलामा निगरानी गर्ने क्रममा काठ फेला पारेको थियो । काठ भेटिएपछि थप जनशक्तिका लागि जङ्गलसहिया सब-डिभिजन वन कार्यालयका कर्मचारी तथा सशस्त्र प्रहरीसहितको संयुक्त टोली घटनास्थल पुगेको थियो । वन कार्यालयका अनुसार बरामद काठमध्ये साल जातका ४ थान गोलिया र १ थान चौपाटा गरी ५ थान रहेका छन्। बरामद काठको कुल परिमाण २७ दशमलव ४७ क्युबिक फिट रहेको छ । वन कर्मचारी तथा सुरक्षाकर्मीको टोली पुगेपछि काठ तस्करीमा संलग्न व्यक्तिहरू काठ छाडेर अँध्यारोको फाइदा उठाउँदै फरार भएको वन कार्यालयले जनाएको छ । उनीहरूको पहिचान तथा खोजी कार्य भइरहेको छ । बरामद काठ आवश्यक कानुनी प्रक्रिया पूरा गरी वन कार्यालयको नियन्त्रणमा राखिएको छ ।




## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# जलवायु परिवर्तनको विश्व अर्थराजनीति



-जलवायु परिवर्तनको विश्व अर्थराजनीति अहिले रूपान्तरण र अलमलको चरणमा रहेकाले नेपालले भावनात्मकभन्दा रणनीतिक दृष्टिकोण अपनाउन आवश्यक छ । जलवायु न्याय, वित्त, प्रविधि हस्तान्तरण, व्यापार र सुरक्षासँग जोडिएका चुनौतीबीच नेपालले दीर्घकालीन राष्ट्रिय रणनीति र विश्वव्यापी सहकार्यको स्पष्ट मोडल अघि सार्नुपर्छ ।

देशहरूको फरक स्वार्थलाई ध्यानमा राख्दै नेपालले मध्यमार्गी धारणा, लक्षित सहकार्य र मिनिल्याटरिज्ममार्फत आफ्नो हित सुरक्षित गर्न सक्नेछ । छिट्टै तात्नु र सेलाउनु नेपाली राजनीतिको मौलिक पहिचान बनेको छ । नेपाली राजनीतिको सबैभन्दा ठूलो शक्ति र कमजोरी पनि यही हो । एकातर्फ, जस्तोसुकै जटिल राजनीतिक अवस्थामा पनि संवाद गर्न नेपाली सक्षम छन् भन्ने विशिष्ट विशेषता हो । अर्कोतर्फ, कुनै पनि समूह वा दलले आफ्नो मुद्दालाई छिट्टै बिर्सने, विचार केन्द्रितभन्दा पात्र र वार्ताकेन्द्रित राजनीतिमा नै रमाउने वा रुमलिने, अडानलाई कार्यान्वयनमा लैजाँदा आवश्यक त्याग, धीरता र निरन्तरता देखाउन नसक्ने राजनीतिक संस्कार संस्थागत हुँदै गएको प्रतिबिम्ब पनि हो ।

जलवायु परिवर्तनको विश्व अर्थराजनीति आफैंमा रूपान्तरणको चरणमा रहेको छ । तत्काल यसले कुनै निश्चित दिशा लिने प्रस्ट छैन । यस्तो अवस्थामा हामी धेरैभन्दा धेरै रणनीतिक हुनु आवश्यक छ ।तर जलवायु न्यायको मुद्दामा भने हाम्रो विगतको पुनरावृत्तिको कुनै छुट नरहेकामा हामी सबै प्रस्ट छौं । नेपालको र नेपालीको भविष्यसँग जलवायु न्यायको प्रश्न इतिहासका अन्य कुनै पनि मुद्दाभन्दा गहिरो र संवेदनशील रूपमा जोडिएको छ । तर, विश्व राजनीति र विश्वका आमनागरिकको दैनिक जीवनसँग जोडिएको यो मुद्दामा हामीले आगामी दिनमा कस्तो मार्ग लिनेछौं भन्ने विषयमा कतै अलि धेरै भावनात्मक त छैनौं भन्ने भान हुन्छ । जलवायु परिवर्तनको विश्व अर्थराजनीति आफैंमा रूपान्तरणको चरणमा रहेको छ । तत्काल यसले कुनै निश्चित दिशा लिने प्रस्ट छैन । यस्तो अवस्थामा हामी धेरैभन्दा धेरै रणनीतिक हुनु आवश्यक छ । यो आलेखको उद्देश्य जलवायु केन्द्रित विश्व अर्थराजनीतिको अहिलेको अलमललाई चित्रित गर्नु हो । विश्व अर्थराजनीतिः उदय र प्राथमिकताः विश्व अर्थराजनीति परराष्ट्र मामिला अध्ययनका धेरै उपसमूहमध्ये एक हो । सन् १९७० को दशकमा विश्वसामु देखापरेका नयाँ परिघटनाहरू जस्तै अगस्ट १९७१ मा रिचर्ड निक्सनले सुन र डलर मानकको युगलाई गरेको अन्त्य, दोस्रो विश्वयुद्धमा पराजित भएका जापान र जर्मनीको आर्थिक रूपमा चामत्कारिक पुनरागमन, देशहरूबीच बढ्दो आर्थिक अन्तरनिर्भरता, युरोपेली देशहरूबीच द्रुत सहकार्य, सन् १९७० को तेल संकट, विकासोन्मुख देशहरूको विश्व अर्थव्यवस्थाको बारेमा रहेका गुनासाहरूका सम्बन्धमा सामाजिक विज्ञानमा विभिन्न विधाका अनुसन्धानकर्ताले एकै पटक काम गर्ने सिलसिलमा यो नयाँ उप-समूहको उदय भएको थियो । यस्ता घटनाहरूले हरेक देशका नागरिकको जीवनमा तत्काल प्रभाव पार्ने भएकाले पनि यो क्षेत्रको अध्ययन र छलफलले उच्च प्राथमिकता पाउन थाल्यो । यस्ता छलफल एवं बहसहरू कालान्तरमा केही ठोस सैद्धान्तिक प्रश्नहरूमा केन्द्रित हुँदै जाँदा अन्तर्राष्ट्रिय अर्थराजनीति आफैंमा एक विशिष्ट अध्ययन, अनुसन्धानको विधाको रूपमा विकसित भयो । त्यस्ता बहसहरू मूलतः तीन प्रश्नका वरिपरि रहेको पाइन्छ । पहिलो, निश्चय नै प्रमुख आधारभूत प्रश्न परराष्ट्र मामिलामा राजनीति र अर्थतन्त्रबीच सम्बन्ध कस्तो हुन्छ भन्ने नै हो । जेफ्री फ्रिडेन र डेभिड लेकले भनेजस्तै यहाँ राजनीति भन्नाले सामाजिक तथा आर्थिक अन्तर्क्रियालाई सञ्चालन तथा नियमन गर्ने संस्था र नियमहरूको समग्र व्यवस्था हो भने अर्थतन्त्र सम्पत्तिको उत्पादन, वितरण र उपयोग गर्ने प्रणाली हो । दोस्रो, यो सिलसिलामा राज्य र बजारबीच कस्तो अन्तरक्रिया हुन्छ भन्ने प्रश्न स्वाभाविक रूपमा आउँछ । देशभित्रको ज्याला, वस्तुको बजार मूल्य, भाडा, करारोपण, भन्सार, सरकारी खर्च निर्धारण गर्दासमेत छिमेकी र विश्व अर्थतन्त्रको प्रभाव पर्छ नै । साथै, देशभित्र र बाहिर रहेका राजनीतिक सम्बन्धहरूले पनि ठूलो प्रभाव पार्ने सम्भावना सधैं रहन्छ । दुई प्रश्नसँगै तेस्रो प्रश्न जोडिएर आउँछ- अन्तर्राष्ट्रिय राजनीतिमा शक्ति र सम्पत्ति ( स्रोत) प्राप्तिका उपाय के हुन् र कसरी अन्तरसम्बन्धित छन् ? अन्तर्राष्ट्रिय अर्थराजनीति क्षेत्रको सबैभन्दा लोकप्रियमध्ये एक प्राज्ञिक जर्नल हो- 'रिभ्यु अफ इन्टरनेसनल पोलिटिकल इकोनामी' । प्रकाशनको ३० वर्ष पुगेको उपलक्ष्यमा सन् २०२३ मा प्रकाशित विशेषांकमा उल्लेख भएअनुसार व्यवसाय, जलवायु, विकास, वित्त, स्वास्थ्य, प्रविधि, लगानी, श्रम, जनमत (भाष्य), कर, व्यापार आदिमा सबैभन्दा धेरै जर्नल लेखहरू प्रकाशन हुने गरेका छन् । त्यसमध्ये पनि वित्त र मुद्रा क्षेत्रमा ४० प्रतिशत, व्यवसाय, फर्म तथा विश्वव्यापी मूल्य शृंखलामा १२ प्रतिशत र व्यापारमा ९ प्रतिशत अनुसन्धानमूलक लेखहरू प्रकाशन भएका थिए ।

विश्व अर्थराजनीतिका अध्ययनहरूमा जातीय र लैंगिक विभेद, ठूला प्रविधि कम्पनीहरूको उदय, विश्व व्यवस्थामा बढ्दो कर्पोरेट हाउसहरूको भूमिका, अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा विशेषज्ञ केन्द्रित प्राविधिक तथा एकतर्फी शासन प्रणाली र जलवायु परिवर्तन जस्ता मुद्दाहरूले कम महत्त्व पाउने गरेको विषयमा लामो समयदेखि चर्चा हुँदै आएको छ । जलवायु परिवर्तनको अर्थराजनीतिः सन् १९७० देखि नै चर्चामा रहेको जलवायुको अर्थराजनीतिको विषय सन् १९९० को दशकसम्म पनि अन्तर्राष्ट्रिय अर्थव्यवस्थामा निर्णायक भूमिका खेल्ने विश्व बैंक, आईएमएफ जस्ता संस्थाहरूले वातावरण क्षेत्रको संरक्षण र दिगो विकासमा गरेका प्रयास, वातावरणमैत्री र दिगो विकासमैत्री व्यापार तथा रियो पृथ्वी सम्मेलन, क्योटो प्रोटोकल, पेरिस सम्झौता र त्यसपश्चात्मा विश्वव्यापी प्रयत्नको विकास र प्रभावकारितामा केन्द्रित रहेका थिए । एकातर्फ, वातावरणसम्बन्धी अध्ययन विश्व अर्थराजनीतिको क्षेत्रमा मात्र सीमित रहेन । अर्कातर्फ, जलवायु विश्व व्यवस्थामा निर्णायक हुने भनिएका सम्झौता वा सहमतिहरूको प्रभावकरितामा प्रश्न उठ्दै जाँदा विश्व अर्थराजनीतिमा जलवायुको अध्ययनले सोचेअनुसारको लोकप्रियता लिन नसकेको देखिन्छ । अहिले विश्वव्यापी रूपमा चार प्रमुख विषयहरूमा बहस हुने गरेको देखिन्छ ।

पहिलो र विश्व राजनीतिकेन्द्रित बहस, जसमा जलवायु परिवर्तनको न्यूनीकरण, रोकथाम, व्यवस्थापन र जलवायु परिवर्तनका कारण सिर्जित समस्या समाधानको अन्तर्राष्ट्रिय अर्थराजनीतिको मोडल कस्तो हुने र त्यसमा कसको के भूमिका हुने भन्नेमा अझै पनि आमसहमति सिर्जना नसकेको विषयले उच्च प्राथमिकता पाउने गरेको छ । प्राज्ञिक भाषामा यसलाई 'रेजिम' भन्ने गरिन्छ, जसको अर्थ हुन्छ- सदस्यहरूको अपेक्षा समेट्ने सिद्धान्त, नियम र निर्णय प्रक्रियाहरू । यसभित्र नियमनको विधि, प्रक्रिया, अन्तर्राष्ट्रिय कानुन र कसले गर्ने भन्ने भूमिका निर्धारण भएको हुने नै भए । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि ( सन् १९९२), क्योटो प्रोटोकल ( सन् १९९७), पेरिस जलवायु सम्झौता (सन् २०१५) मा आधारित भएर जलवायु 'रेजिम' को स्वरूप, सम्भावना र चुनौती विश्लेषण हुने गरेको छ । जर्मन अनुसन्धानकर्ता अनिका स्टेखेमेसरलगायतले सन् २०२४ अगस्टमा 'साइन्स' जर्नलमा प्रकाशित गरेको अनुसन्धानका अनुसार, सन् १९९८ देखि २०२२ सम्म विश्वभर लागू गरिएका करिब १,५०० जलवायु परिवर्तनसम्बन्धी नीतिहरूमध्ये हरितगृह ग्यास उत्सर्जन घटाउन प्रभावकारी देखिएका नीतिहरूको संख्या ६३ मात्र रहेको निष्कर्ष निकालिएको छ । यसले हाल अभ्यासमा रहेको व्यवस्थाको पूर्ण संरचनागत रूपान्तरणलाई प्रस्ट संकेत गरेका छन् । त्यसमा पनि ठूला देशहरूले थाहा नपाए जस्तो गर्ने तर मिलेमतोमा जलवायुको मुद्दालाई ओझेलमा पार्दै आएको आरोप खेप्दै आएका छन् । यस्तो अवस्थालाई अस्वीकारको गठबन्धन (अलाइन्स अफ डिनायल) भन्ने गरिन्छ । दोस्रो, जलवायु परिवर्तनको विश्व व्यवस्था प्रभावकारिताको अभावकै नतिजास्वरूप विकसित र विकासोन्मुख देशहरूबीच दोषारोपण वृद्धि हुँदै गएको छ, तर ठोस सहकार्य भने सुरुवात हुन सकेको छैन । नेपालका लागि एउटा महत्त्वपूर्ण विषय हो- छिमेकी मित्रराष्ट्र भारत अन्तर्राष्ट्रिय मञ्चहरूमा विकासोन्मुख देशहरूलाई प्रतिनिधित्व गर्ने प्रमुख राष्ट्र हो ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क –: दिलीप कुमार साह :–

मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**

**औरही गाउँपालिकाको कार्यालय**

**धनुषा, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**

**शहिदनगर नगरपालिकाको कार्यालय**

**धनुषा, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday